# गण्डकी प्रदेश सभा

## दशौं अधिवेशन

## बैठक संख्या -१

# सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**मिति २०८३ साल जेष्ठ ११ गते सोमबार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको २:१३ बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट गण्डकी प्रदेश सभाको दशौं अधिवेशन आह्ववान सम्बन्धी पत्र पढेर सुनाउनु भयो।

तत्पश्चात माननीय सभामुखबाट गण्डकी प्रदेश सभाको दशौं अधिवेशनमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो।

तत्पश्चात माननीय सदस्यहरुले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनयुद्ध, जनआन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न आ–आफ्नो स्थानबाट उठेर १ मिनेट मौनधारण गर्नुभयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश पोखराबाट मन्त्रिपरिषद् गठन तथा कार्य विभाजन सम्बन्धी प्राप्त पत्रको वेहोरा पढेर सुनाउनुभयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त हुन आएका पत्रहरुको वेहोरा पढेर सुनाउनु भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय गणेशमान गुरुङ, माननीय देवका पहारी त्रिपाठी, माननीय निर्मला थापा, माननीय वेद बहादुर गुरुङ, माननीय भक्त बहादुर कुँवर, माननीय महेश भट्टराई, माननीय राजकुमारी भुजेल, माननीय रोशन बहादुर गाहा थापा, माननीय लिल बहादुर थापामगर, माननीय विन्दु पौडेल, माननीय सिता कुमारी सुन्दास, माननीय सुधिर कुमार पौडेल, माननीय सुशिला सिंखडा, माननीय श्यामराजा महत र माननीय सुनिता थापाले समसामयिक विषयमा आ–आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात अधिवेशन प्रारम्भको अवसरमा सभामा प्रतिनिधित्व गर्ने दलहरुको तर्फबाट दलीय आधारमा नेपाली कांग्रेसको तर्फबाट माननीय प्रकाश बराल, राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट माननीय पञ्चराम गुरुङ, नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट माननीय हरि बहादुर चुमान र नेकपा एमालेको तर्फबाट माननीय खगराज अधिकारीले सभालाई सम्बोधन गर्नभयो।

तत्पश्चात माननीय सभामुखले कार्यव्यवस्था परामर्श समितिको रिक्त सदस्य पदमा माननीय टिका कुमारी बस्याल र माननीय भक्त बहादुर कुँवरलाई थप गरि मनोनयन प्रस्ताव प्रस्तुत गर्नु भएकोमा सभाले उक्त प्रस्तावलाई समर्थन जनायो।

तत्पश्चात माननीय सभामुखले सभामुख र उपसभामुखको अनुपस्थितिमा सभाको अध्यक्षता गर्न माननीय नन्दकला दमै नेपाली, माननीय पार्वती तामाङ र माननीय हरि बहादुर भण्डारीलाई मनोनयन गर्नुभएकोमा उक्त मनोनयनलाई सभाले समर्थन जनायो।

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक मिति 2083 जेष्ठ 12 गते दिनको 11:30 बजे बस्ने गरि आजको बैठक दिनको 4:10 बजे स्थगित गर्नुभयो।

.....................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव